खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल
फोन नं. ०३१-५४००५४

पत्र संख्या : २०८२/०८३

च.नं. ४८१

मितिः २०८२/०८/१४

तह वृद्धि सम्वन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२/०८/१४ गते

प्रस्तुत विषयमा मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा (१) र दफा ४ को उपदफा (६) र खडक नगरपालिकाको कर्मचारी तह वृद्धि सम्वन्धी कार्यविधि, २०८१ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्ने सम्वन्धी व्यवस्था भए बमोजिम यस नगरपालिकामा कार्यरत स्थानीय तहमा नियुक्ति भएका योग्यता पुगेका **सहायक पाँचौ र अधिकृत सातौ** तहका कर्मचारीहरुले स्तरवृद्धि प्रयोजनार्थ तपसिलका कागजात सहित मिति २०८२ पुस १५ गते भित्र यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नु हुन सम्वन्धित सबै कर्मचारीहरुलाई नगर कार्यपालिकाको मिति २०८२/०२/१३ गते बसेको बैठक नं. १८१, निर्णय नं. ८ को निर्णयानुसार जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित समय भित्र प्राप्त नभएको निवेदन साथै रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. निवेदन र शुरु नियुक्ति पत्रको प्रतिलिपी ।
२. तह मिलान गरेको भए सो पत्रको प्रतिलिपी ।
३. तह वृद्धि हुने पद भन्दा एक तह मुनीको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
४. सरुवा तथा रमाना पत्रको प्रतिलिपी ।
५. आवश्यक अन्य कागजातहरु ।

(विजय कुमार मण्डल)
प्रमुख प्रशासकीय अधिकृत
विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

- श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
- श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
- श्री जिल्ला प्रशासन कार्यालय, सप्तरी ।
- श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।
- श्री प्रदेश निजामती किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
- श्री सूचना प्रविधि शाखा, खडक न.पा.कल्याणपुर, सप्तरी ।- कार्यालयको website मा Upload गरिदिनु हुन ।